नबिल फ्लेक्सी क्याप फण्ड (NFCF) को आर्थिक वर्ष २०८१/८२ को प्रतिफल, इकाईधनी दर्ता किताब बन्द तथा लाभांश पुनः लगानी योजना सम्बन्धी सूचना

नबिल बैंक लिमिटेड कोष प्रवर्द्धक र नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड योजना व्यवस्थापक रहि नबिल म्युचुअल फण्ड अन्तर्गत सञ्चालनमा रहेको नबिल फ्लेक्सी क्याप फण्ड नामक खुलामुखी योजनाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण कार्य सम्पन्न भई योजना व्यवस्थापकको मिति २०८२/०४/२२ गते बिहीबार अपरान्ह ४:३० बजे बसेको सञ्चालक समितिको १२२औं बैठकले आर्थिक वर्ष २०८१/८२ को लागि कर सहित ९ (नौ) प्रतिशत नगद प्रतिफल वितरण गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौ । उक्त प्रतिफल वितरण प्रयोजनार्थ मिति २०८२/०४/२३ गते शुक्रबार एक दिनको लागि योजनाको ईकाइधनी दर्ता पुस्तिका बन्द (Book Close) गर्ने निर्णय भएको हुँदा मिति २०८२/०४/२२ गतेसम्म कायम रहनु भएका इकाईधनीहरु मात्र उल्लेखित प्रतिफलको लागि योग्य हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लाभांश पुनः लगानी योजनामा (DRIP) आवद्ध भई यस योजनाका इकाईधनीहरुले स्वचालित रुपमा आफुले प्राप्त गर्नुपर्ने खूद लाभांशबाट यस योजनाको थप इकाईहरु खरीद गर्न सक्नुहुनेछ । DRIP मा सहभागी हुन इच्छुक, प्रतिफलको लागि योग्य इकाईधनी महानुभावहरुलाई मिति २०८२/०४/२७ गते मङ्गलबारसम्म नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको कार्यालयमा गई तोकिएको फारम भरी वा सोझै https://mutualfund.nabilinvest.com.np/service-requests/dividend-option मा गएर Choose New Dividend Option मा DRIP छनौट गरी स्वयंलाई यस DRIP योजनामा आवद्ध गराउनुहुन यसै सूचना मार्फत अनुरोध गर्दछौं ।

नोटः

(१) यस अघिबाटै लाभांश पुनः लगानी योजनामा सहभागी हुँदै आउनु भएका इकाईधनी महानुभावहरुले पुनः आवद्ध हुनुपर्ने छैन ।

(२) तोकिएको मितिसम्ममा DRIP मा आवद्ध हुनु भएका इकाईधनी महानुभावहरुको हकमा, सम्बन्धित इकाईधनीले प्राप्त गर्नुपर्ने कुल प्रतिफल रकममा नियमानुसारको कर र डिपी शुल्क कट्टी पश्चात्को खूद रकम, योजनाको Book Close मितिको दिन इकाई कारोबारको लागि लागु हुने लाभांश समायोजित प्रति इकाई खूद सम्पत्ति मूल्यमा पुनः लगानी गरी थप इकाई बाँडफाँड गरिनेछ ।

कोष प्रवर्द्धकः

NABIL BANK®

नबिल बैंक लिमिटेड

प्रधान कार्यालय, दरबारमार्ग, काठमाण्डौं

फोनः ५९७१८७१

Email: info@nabilbank.com, Url: www.nabilbank.com

योजना व्यवस्थापक एवं डिपोजिटरीः

NABIL® INVESTMENT BANKING LTD.

(A Subsidiary of Nabil Bank Ltd.)

नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाण्डौं

फोनः ४५११६०४/४५११७३३, फ्याक्सः ४५१०५५४

Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np

मिति २०८२/०४/२३ को कारोबार मा प्रकाशित सूचना